गंगादेव गाउँपालिका
GANGADEV RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा
२०७३ ५ नं. प्रदेश, नेपाल

वेव : www.sukidahamun.gov.np
इ-मेल : gangadevmun@gmail.com
फोन नं.: +९७७-९८२९५०९२४५

## गाउँपालिकाको केन्द्रको लागी जग्गा खरिद सम्बन्धि सुचना ।

सुचना नं. ५१८ प्रथम पटक सुचना प्रकाशित मितिः २०७५।१२।०७

गंगादेव गाउँपालिकाको केन्द्रको लागी निशुल्क जग्गा प्राप्तिकालागी मिति २०७५ श्रावण १० गते प्रकाशित सुचना बमोजिम वडा नं. ५ सानडाँडा स्थित स्थानीय जग्गा धनिहरूबाट प्राप्त भएको जग्गा अपर्याप्त रहेको हुदा गाउँ कार्यपालिकाको मिति २०७५ फाल्गुन २३ गतेको निर्णय अनुसार गाउँपालिकाको केन्द्रको लागी थप जग्गा खरिद गर्ने निर्णय भएको हुदा गाउँपालिकालाइ खरिदका लागी जग्गा उपलब्ध गराउन चाहने इच्छुक देहाय बमोजिमको चार किल्ला भित्र पर्ने स्थानीय जग्गा धनिहरूले आफुले उपलब्ध गराउन चाहेको जग्गाको जग्गा धनि प्रमाण पत्रको फोटोकपी सहित निवेदन यो सुचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र गंगादेव गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गराउनुहुन सार्वजनिक सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपशिलः

क) गाउँपालिकाले खरिद गर्ने जग्गाको चार किल्ला देहायबमोजिम रहेको छ ।

- पुर्वमाः ढुंग्रीगार बाफुखोला,
- पश्चिममाः माथिल्लो भाङ्गाचौरको डाँडा पटाचौर,
- उत्तरमाः सुइनारा खोला निपाने,
- दक्षिणमाः दुइ नं. वडाको सिमाना ।

ख) खरिदको लागी गाउँपालिकालाइ जग्गा उपलब्ध गराउन चाहने इच्छुक महानुभावहरूले निवेदन पेश गर्दा निवेदनमा आफ्नो सहि छाप सहित देहाय बमोजिमका बिषयहरू उल्लेख गर्नुपर्ने छ ।

१. उपलब्ध गराउन चाहेको जग्गा प्रति रोपनि के कति दरमा दिनेहो सोको दररेट,
२. जग्गा रहेको स्थान,
३. उपलब्ध गराउन चाहेको जग्गाको कित्ता नं. र क्षेत्रफल,

२०७५।१२।०७
सिजन कुमार ओली
प्रमुख प्रशासकिय अधिकृत

.............................
जग्गा प्राप्ति गर्न प्रारम्भिक कारबाही चलाउने अधिकारी
(प्रमुख प्रशासकिय अधिकृत)

"नतिजामुखि प्रशासनः समृद्धि र सुशासन"